अनुसूची २

(दफा ४ तथा अनसूची-१ को भाग-२ सँगं सम्बन्धित)

रामप्रसादराई गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बैकुण्ठे, भोजपुर
कोशी प्रदेश, नेपाल

रामप्रसादराई गाउँपालिका

# स्थानीय राजपत्र

खण्ड: ६ संख्या:८ मिति:२०८०।०३।०३

भाग-२

रामप्रसादराई गाउँपालिका

## रामप्रसादराई गाउँपालिका भित्रको सडक हेरालु सम्बन्धी कार्यविधि २०८०

श्याम बहादुर राई
अध्यक्ष

# रामप्रसादराई गाउँपालिका भित्रको सडक हेरालुको व्यवस्था गर्ने सम्बन्धी कार्यविधि,२०८०

गाउँ कार्यपालिकाको बैठकमा पेश भएको मितिः २०८०।०१।३१
गाउँ कार्यपालिकाको बैठकबाट पारित भएको मितिः २०८०।०२।१९
प्रमाणीकरण भएको मितिः २०८०।०२।२१

**प्रस्तावनाः**

रामप्रसादराई गाउँपालिका अन्तर्गतका रहेका विभिन्न सडकहरुको विशेष गरी बर्खाको समयमा मर्मत सम्भार गरी दिगो रुपमा यातायात संचालन गर्नका यस गाउँपालिकाका विभिन्न वडाहरु तथा अन्य सरकारी संघ संस्थाहरुबाट सडक हेरालुको लागि बजेट विनियोजन भएको हुँदा उक्त कार्यलाई व्यवस्थित, मर्यादित र नियम संगत बनाउनका लागि वान्छनीय भएकोले,

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (२) बमोजिम गाउँ कार्यपालिकाको मिति २०८०।०२।१९ गतेको बैठकले यो कार्यविधि पारित गरी जारी गरेको छ।

## परिच्छेद-१
## प्रारम्भिक

१) विषय र प्रसंगले अर्को अर्थ नलागेमा

क. यस कार्यविधिको नामः रामप्रसादराई गाउँपालिकाको “सडक हेरालु व्यवस्थापन कार्यविधि, २०८०” रहने छ।

ख. “अध्यक्ष” भन्नाले रामप्रसादराई गाउँपालिकाको अध्यक्ष सम्झनु पर्दछ।

ग. “उपाध्यक्ष” भन्नाले रामप्रसादराई गाउँपालिकाको उपाध्यक्ष सम्झनु पर्दछ।

घ. “प्रमुख प्रशासकीय अधिकृत” भन्नाले रामप्रसादराई गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनु पर्दछ।

ङ. “हेरालु” भन्नाले रामप्रसादराई गाउँपालिका अन्तर्गत रहेका विभिन्न सडक मर्मत सम्भार गर्न खटिएका कर्मचारी सम्झनु पर्दछ।

च. “छनौट समिति” भन्नाले हेरालु छनौट समिति सम्झनु पर्दछ।

छ. “सडक” भन्नाले रामप्रसादराई गाउँपालिका अन्तर्गतका वडा स्थित विभिन्न सडकहरु सम्झनु पर्दछ।

ज. “पोशाक” भन्नाले हेरालुले लगाउने निश्चित प्रकारको पोशाक सम्झनु पर्दछ।

झ. “औजार” भन्नाले हेरालुले सडक मर्मतका लागि प्रयोग गर्ने औजार (जस्तै हसिया,खुर्पा,बेल्चा,गैती आदि) सम्झनु पर्दछ।

ञ. “अनुगमन समिति” भन्नाले हेरालुद्वारा मर्मत सम्भार भएका सडक अनुगमन गर्ने समिति सम्झनु पर्दछ।

२) कार्यक्षेत्रः

१. हेरालुहरुको कार्यक्षेत्र यस रामप्रसादराई गाउँपालिका अन्तर्गत रहेका सडक क्षेत्रहरु हुनेछ।

२. गाउँपालिका तथा वडाले तोकिदिएको सडकमा हेरालु खटाउन सकिनेछ।

३. उपदफा (२) बमोजिम सडक हेरालु खटाउदा गाउँपालिका अध्यक्ष, उपाध्यक्ष, सम्बन्धित वडाध्यक्ष र प्रमुख प्रशासकीय अधिकृतले समन्वय गरी आवश्यकता अनुसार खटाउन सक्नेछ।

तोकिएका सडकहरुमा हेरालु तोक्दा यसै कार्यविधि बमोजिम हुनेछ।

रामप्रसादराई गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बैकुण्ठे, भोजपुर
कोशी प्रदेश, नेपाल

श्याम बहादुर राई
अध्यक्ष

श्याम बहादुर राई
अध्यक्ष

३) कार्य प्रकृतिः

सडक हेरालुहरुको कार्य प्रकृति देहाय बमोजिम हुनेछ।

- सडक मर्मत सम्बन्धी कार्यहरु।
- सडकमा पर्ने खाल्डाहरु पुर्ने, ढुंगा ओछ्याउने, भत्केका सडक किनारा मिलाउने कार्य।
- सडकलाई टेवा दिने पर्खाल लगाउने, धाँजाहरु पुर्ने, कटान मर्मत गर्ने।
- सडकको साना साना पहिरो र ढुंगा हटाउने, पानीले खोलेको प्वाल टाल्ने, हिले सडकमा सानातिना ढुंगा,गिट्टी राख्ने।
- नाली मर्मत तथा अन्य क्षतिको मर्मत, पुलेसो मर्मत, कजवे मर्मत र सफा गर्ने, झारपात सफा गर्ने, ट्राफिक संकेत सफा र मर्मत गर्ने तथा नाली नभएको स्थानमा पानी निकासाको लागि अस्थायी नाली बनाउने।
- सडक सरसफाई गर्ने, तर ठूला प्रकृतिका रुखहरु, घाँसका विरुवाहरु लगायत अन्य काममा आउने बोटविरुवाहरु काट्नुपर्दा सम्बन्धित रुख धनी वा वडाध्यक्ष तथा वडा सदस्यहरुसँग समन्वय गर्नुपर्नेछ।
- सडकमा पानी जमेको अवस्थामा अनिवार्य रुपमा यथाशिघ्र सो जमेको पानी निकास गर्ने।
- सडक दायाँ बायाँ वृक्षरोपण गर्ने।
- आवश्यकता अनुसार अन्य कार्य गर्ने

४) हेरालु छनौट समिति

हेरालु छनौटका लागि देहाय बमोजिम ५ सदस्यीय एक छनौट समिति रहनेछः

- गाउँपालिका अध्यक्ष – संयोजक
- गाउँपालिका उपाध्यक्ष - सदस्य
- प्रमुख प्रशासकीय अधिकृत - सदस्य
- सडक रहेको वडाध्यक्ष –सदस्य
- पूर्वाधार तथा वातावरण व्यवस्थापन शाखा प्रमुख – सदस्य सचिव

५) छनौट प्रक्रियाः

**सडकको मर्मत मर्मत सम्भार गर्ने सडक हेरालु छनौट प्रक्रिया देहाय बमोजिम हुनेछ।**

क. सडक हेरालुका लागि उपयुक्त उमेद्वारको छनौट गर्न विज्ञापन खुलाउनु पर्नेछ।

ख. तोकिएको समयमा रितपूर्वक पेश भएको दरखास्तहरु दर्ता गरी सम्पर्क मिति तोकिनेछ।

ग. तोकिएको मितिमा अन्तर्वाताको माध्यमबाट छनौट गरिनेछ।

घ. हेरालु छनौट प्रक्रिया देहायको योग्यताको परिधिभित्र रही गर्नुपर्ने छ।

- सम्बन्धित सडक नजिक रहेको,
- उमेर १८ वर्ष पूरा भई ५० वर्ष ननाघेको,
- आर्थिक अवस्था कमजोर रहेको,
- काम प्रतिको जिम्मेवारी र जवाफदेहिता वहन गर्ने,
- अनुभवी तथा सडक सम्बन्धी काम गर्न जानेको व्यक्तिलाई प्राथमिकतामा दिइनेछ।
- शारीरिक रुपमा स्वस्थ्य र फुर्तिलो देखिने।
- स्वास्थ्य बिमा गरेको उम्मेद्वारलाई पहिलो प्रचामिकता दिइनेछ।

रामप्रसादराई गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बैकुण्ठे, भोजपुर
कोशी प्रदेश, नेपाल

श्याम बहादुर राई
अध्यक्ष

थम बहादुर राई
अध्यक्ष

ङ. छनौट समितिबाट सिफारिश भएका हेरालु उमेद्वारलाई करार सम्झौता तथा नियुक्ति गाउँकार्यपालिकाको कार्यलयले दिनेछ। सिफारिस भएको उमेद्वारहरुको करार सम्झौता गाउँपालिकाले तोकिदिए सम्मका लागि मात्र हुनेछ। पछि निजको काम सन्तोषजनक देखिएमा, कार्यक्रम रहने अवस्था भएमा अनुगमन समितिको सिफारिसमा छनौट समितिले पुन म्याद थप गर्ने निर्णय गरी पठाएमा निज कामदारको आवश्यक्तानुसार पुनः म्याद थप गर्न सकिनेछ।

**६) हेरालु दैनिक कार्य समयः**

क. हेरालुको कार्य गर्ने समय देहाय बमोजिम हुनेछः

- दिनमा ८(आठ) घन्टा तोकिएको सडकमा मर्मत सम्भार गर्नुपर्नेछ।

तर भैपरी आएमा वा सडकमा कुनै कारणले सवारी आवागमनमा ठप्प भएको अवस्थामा हेरालुबाट मर्मत गर्न सक्ने अवस्था भएमा अतिरिक्त समय समेत काम गर्नुपर्नेछ।

**७) सेवा सुविधाः**

क. सडक हेरालु (अदक्ष ज्यामी अनुसार)को सेवा सुविधा जिल्लाले तोकेको दररेट वा सम्झौतामा उल्लेख गरिए अनुसार हुनेछ।

ख. हेरालुलाई चाहिने आवश्यक सामाग्रि,पोशाक र औजार गाउँपालिकाले उपलब्ध गराउने छ।

ग. उपलब्ध गराईएको सामाग्रिहरुको हिफाजत साथ प्रयोग र सुरक्षा सम्बन्धित हेरालुको कर्तव्य हुनेछ।

घ. सडक हेरालुको खाइपाइ आएको सेवा सुविधा भुक्तानि गर्दा बैंक मार्फत गर्नुपर्नेछ।

**८) अनुगमन समितिः**

हेरालुहरुको सडक मर्मत कार्यलाई प्रभावकारी बनाउन तथा सडकको स्थिति बारे जानकारी लिन र सुझाव सल्लाह प्रदान गर्न देहाय बमोजिमको ३ सदस्यीय अनुगमन समिति सहनेछ।

- गाउँपालिका उपाध्यक्ष – संयोजक
- सम्बन्धित वडाका वडाध्यक्ष - सदस्य
- सम्बन्धित वडा हेर्ने प्राविधिक – सदस्य

**९) हेरालुलाई जिम्मेवारीबाट मुक्त गर्नेः**

निम्न बमोजिम अवस्थामा सडक हेरालुलाई जिम्मेवारीबाट मुक्त गरिनेछ।

- तोकिएको जिम्मेवारी नियमित रुपमा पुरा नगरेमा वा गर्न नसक्ने भएमा।
- कामको समयमा पटकपटक मादक पदार्थ सेबन गरेको प्रमाणित भएमा।
- अनुगमन समितिले दिएको निर्देशनको पटकपटक बेवस्ता गरेमा।
- लामो समयसम्म (बिना जानकारी) सम्पर्कबिहिन भएमा।

**१०) विविधः**

यो कार्यविधि कार्यन्वयन गर्ने क्रममा थप व्याख्या वा व्यवस्था गर्नु परेमा यस कार्यविधि तथा प्रचलित कानूनसँग नबाझिने गरी गाउँपालिकाले आवश्यक निर्णय गर्न सक्नेछ।

रामप्रसादराई गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बैकुण्ठे, भोजपुर
कोशी प्रदेश, नेपाल

थम बहादुर राई
अध्यक्ष